# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, जेष्ठ २६ गते, २०८३ साल (अतिरिक्ताङ्क १२

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३

<u>प्रस्तावना</u>ः आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि,** २०८३" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. <u>आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८२ को दफा २ मा संशोधनः</u> आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८२ (यसपछि मूल कार्यविधि भनिएको) को दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गरिएको छः-

"(घ१) **"कार्यसञ्चालन समिति"** भन्नाले प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८२ को दफा ९ को उपदफा (१) बमोजिमको कार्यसञ्चालन समिति सम्झनु पर्दछ।"

३. <u>मूल कार्यविधिको दफा ६ मा संशोधनः</u> मूल कार्यविधिको दफा ६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(१क) उपदफा (२) बमोजिम आयोजना बैंकमा आयोजना प्रविष्टि गर्न आयोगले स्थानीय तहलाई विषयगत क्षेत्र अनुसारका कार्यक्रमको सङ्ख्या तोक्न सक्नेछ।"

४. <u>मूल कार्यविधिको दफा १२ संशोधनः</u> (१) मूल कार्यविधिको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. <u>आयोजना बैङ्क प्रमाणीकरणः</u> (१) यस कार्यविधि बमोजिम विषयगत मन्त्रालयले निर्णय गरी पेस गरेका प्रस्तावित आयोजनाको आयोगले सूची वा लगत तयार गरी प्रमाणीकरण गर्नेछ।

(२) यस कार्यविधि बमोजिम आयोग समक्ष पेस भएका आयोजना आयोगले प्रमाणीकरण गर्नुपूर्व दफा ९ को उपदफा (२) बमोजिम पेस भएका आयोजनाको विश्लेषण गर्न कार्यसञ्चालन समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उपसमितिले यस कार्यविधि बमोजिम पेस भएका आयोजनाको सम्बन्धमा थप अध्ययन तथा विश्लेषण गर्न आवश्यक ठानेमा थप कागजात माग गर्न सक्नेछ। उपसमितिबाट माग भएको त्यस्तो कागजात उपलब्ध गराउनु विषयगत मन्त्रालय र स्थानीय तहको कर्तव्य हुनेछ।

(४) दफा ६ को उपदफा (८) बमोजिम न्यूनतम लागत सीमाभन्दा कम भएका आयोजनाको हकमा आयोगले औचित्य र उपयुक्तताको आधारमा छुट्टै सूची वा लगत तयार गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम आयोगबाट प्रमाणीकरण भएको आयोजना बैङ्क आयोगले विषयगत मन्त्रालय र आर्थिक मामिला विषय हेर्ने मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(६) आयोजना बैङ्कमा समावेश भएका कुनै आयोजनाको विवरण संशोधन वा अद्यावधिक गर्न विषयगत मन्त्रालय वा स्थानीय तहबाट कारण र पुष्ट्याई सहित अनुरोध भई आएमा आवश्यकता र औचित्यताका आधारमा आयोगले संशोधन वा अद्यावधिक गर्न सक्नेछ।

(७) आयोगले सङ्घीय सरकारका वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न वा प्रदेशको वार्षिक नीति तथा कार्यक्रम लगायत आयोजनाको सूची आयोजना बैङ्कमा संशोधन वा थप गर्न सक्नेछ।

(८) उपदफा (६) र (७) बमोजिम आयोजना बैङ्कमा आयोगबाट संशोधन वा थप गरिएका आयोजनाको सूची आयोगले आर्थिक मामिला विषय हेर्ने मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।”

स्वीकृत मितिः- २०८३/०२/२६

आज्ञाले,
रामकृष्ण अधिकारी
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय,कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश